चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी
५ नं. प्रदेश, नेपाल

पत्र संख्या : –
चलानी नं. : –

सूचना नं. २३-२०७७/०७८

## कार्यक्रमका लागि प्रस्ताव पेस गर्ने सम्बन्धी सूचना।

*(प्रथम पटक प्रकाशित मिति २०७७/०६/१४ गते)*

चन्द्रकोट गाउँपालिका लागि चालु आर्थिक बर्ष २०७७।०७८ मा विद्यालय क्षेत्र विकास कार्यक्रमअन्तर्गत सशर्त अनुदानको रूपमा प्राप्त विभिन्न कार्यक्रमहरू विद्यालयहरूमा वितरण गर्नुपर्ने भएकाले तपसिलमा उल्लेख भएका न्यूनतम शर्तहरू पूरा गर्ने गरी विद्यालयले शिक्षण सिकाइ समयमापन सम्वन्धी कार्यविधि लागु गरेको सुनिश्चितताका साथ विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपिसहित यो सुचना प्रथम पटक प्रकाशन भएको मितिबाट १५ (पन्ध्र) दिनभित्र प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबै विद्यालयहरूलाई जानकारीका लागि सूचना प्रकाशित गरिएको छ।

तपसिल:

१) तोकिएको सूचकाङ्कको आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान (**Performance Based Grants**) :

- विद्यालय अनुदान व्यवस्थापन निर्देशिका - २०७४ को अनुसूची - ३ मा उल्लेखित कार्य सम्पादन मुल्यांकन सुचकका आधारमा विद्यालयले शैक्षिक गुणस्तर सुधारका क्रियाकलापसहितको प्रस्ताव पेश गर्ने ।
- छनौटमा परेका विद्यालयहरूलाई रू. ५० हजार उपल्ध गराइने । विद्यालयले प्राप्त अनुदान वि.व्य.स.को निर्णयअनुसार शैक्षिक गुणस्तर सुधारका क्षेत्र पहिचान गरी खर्च गर्ने ।
- यस अघि उक्त कार्यक्रम प्राप्त नगरेका विद्यालयहरूलाई अनुदान उपलब्ध गराइने।

२) **गणित, विज्ञान र अङ्ग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामग्री (Kits) अनुदानः**

- विगतमा यस प्रकृतिको अनुदान नपाएका आधारभूत तह कक्षा १-८ तथा माध्यमिक तहका विद्यालयहरुले प्रस्ताव पेश गर्न सक्ने,
- प्राप्त बजेटको परिधिभित्र रही प्रति विद्यालय रु ५० हजारका दरले विद्यालयलाई अनुदान उपलब्ध गराइने।
- विद्यालयले पाठ्यक्रम विकास केन्द्रबाट विकास एवम् स्वीकृत भएका गणित, विज्ञान र अङ्ग्रेजी विषयका सामग्रीहरु व्यवस्था गरी विद्यार्थीको शिक्षण सिकाइ क्रियाकलापमा सहजीकरण गर्ने व्यवस्था मिलाउने प्रतिवद्धता सहितको प्रस्ताव पेश गर्ने ।

३) उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयलाई सिकाइ सुदृढीकरण तथा विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान

- प्राप्त बजेटको परिधिभित्र रही उत्कृष्ट नतिजा हासिल गर्ने सफल एउटा विद्यालयलाई रु. २ लाख प्रोत्साहन स्वरूप अनुदान उपलव्ध गराइने ।
- अनुदान प्राप्तिका लागि विद्यालयले निम्न सूचकहरू सहित प्रस्ताव पेश गर्ने ।
  - शैक्षिक वर्ष २०७६ को कक्षा ५, ८ र १० कक्षाको परीक्षामा समावेश गराइएका विद्यार्थी सङ्ख्या तथा ती कक्षाको विषयगत र कक्षागत औषत सिकाइ उपलब्धि
  - शैक्षिक वर्ष २०७६ को अन्य कक्षाको विद्यार्थी सङ्ख्या तथा ती कक्षाको विषयगत र कक्षागत औषत सिकाइ उपलब्धि
  - आन्तरिक सक्षमताको अवस्था (शै.व.२०७६ अनुसार) शिक्षक उपस्थिति दर, कक्षोन्नति दर, कक्षा छाड्ने दर, दोहोर्याउने दर
  - विषयगत र कक्षागत सिकाइ उपलब्धि
  - शैक्षिक वर्ष २०७७ को कक्षागत विद्यार्थी संख्या
  - विद्यालय बाहिरका बालबालिकाको अवस्था
- माथि उल्लेखित विवरणसहित सिकाइ उपलब्धिमा थप वृद्धि गर्न र आफ्ना असल अभ्यासहरू न्यून सिकाइ भएका विद्यालयहरूलाई अनुभव आदानप्रदान गर्नका लागि प्रवर्तनात्मक क्रियाकपालसहितको प्रस्तावपत्र पेश गर्ने।

नयन सिंह ठकुरी
शिक्षा अधिकृत

नयन सिंह ठकुरी
शिक्षा अधिकृत